# नौकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### सरमथली, रसुवा
### बागमती प्रदेश, नेपाल

## करार सेवामा पदपूर्ती सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७६/११/३०**

यस नौकुण्ड गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि रोजगार संयोजकको पदपूर्ति तथा सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम रोजगार संयोजक करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त फारम भरी आवेदन गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि. नं. | विज्ञापन नं. | पद | न्यूनतम योग्यता (मापदण्ड अनुसार) | तलब सुविधा/करार अवधि | माग संख्या |
|---|---|---|---|---|---|
| १. | १/ २०७६/०७७ | रोजगार संयोजक (अधिकृत छैटौं) | - मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण।<br>- २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।<br>- भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिएको।<br>- नैतिक पतन देखिने गरी फौजदारी अभियोगमा कसुरदार नठहरिएको। | रोजगार संयोजक पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ अनुसार | १ (एक) |

१. **परीक्षाको किसिम :** रोजगार संयोजक पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ अनुसार हुनेछ।

२. **दरखास्त दिनुपर्ने अन्तिम मिति :** २०७६/१२/१४ गते सम्म।

३. **दरखास्त बुझाउने स्थान:** नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय, सरमथली, रसुवा।

४. **दरखास्त फाराम :** नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय, सरमथली, रसुवाबाट प्राप्त गर्न सकिनेछ।

५. **दरखास्त दस्तुर :** रु. १,०००।- (यस गाउँपालिकाको ग्लोबल आइएमई बैंक लिमिटेड, नौकुण्ड, रसुवा शाखा कार्यालय मा रहेको खाता नं. S१०४०१००००००२ मा जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्नेछ।

६. **दरखास्तको साथ संलग्न गर्नुपर्ने कागजातहरु :** नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्रहरु, अनुभवका प्रमाणपत्रहरु (रोजगार संयोजक पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ मा तोकिए अनुसार) का प्रमाणपत्रका प्रतिलिपिहरु।

७. **परीक्षा मिति, समय र स्थान :** रोजगार संयोजक पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को दफा ८ मा भएको व्यवस्था अनुसार प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन संगै गाउँपालिकाको वेवसाइट www.naukundamun.gov.np मा प्रकाशन गरिनुका साथै फोन तथा SMS बाट जानकारी गराइनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**